# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

**विषय: सुक्ष्म बर्गिकृत नकुहिने सामानको बिक्रीका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

**चौथो पटक प्रकाशित मिति: २०८१।०१।१०.**

धनगढी उपमहानगरपालिका वडा न. १,२,३,४,५,६,७,८ र १३ बाट संकलित नकुहिने फोहरको धनगढी उपमहानगरपालिका वडा न. २ मा रहेको सुक्ष्म वर्गीकरण केन्द्रमा ल्याई सुक्ष्म वर्गीकरण पश्चात भण्डारण भएको सामग्रीलाई वस्तुगत रूपमा अलग अलग सामान बिक्रि गर्नु पर्ने भएको हुदा ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरूको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहने गरी न्युनतम बढाबढ अंक कायम गरी सिलबन्दी दरभाउपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**सूचनाका शर्तहरु**

१। सूक्ष्म बर्गिकरण केन्द्रमा रहेको मौज्दात सामान निरीक्षण गरी दरभाउपत्र पेश गर्नहुन सूचित गरिन्छ र हाल रहेको मौज्दात परिमाण यस प्रकार रहेको छ । झुरा कागज १ टन, कपी ५ टन, कार्टुन गत्ता २८ टन, प्लास्टिक एलडि ४ टन, प्लास्टिक पिपि १ टन, प्लास्टिक बोतल १० टन, गुडिया प्लास्टिक ५ टन, कचरा २ टन, रस्सी ५०० केजि, टिन क्यान ९०० केजि, आल्मुनियम १२० केजि, कपडा १ टन, फुटेको सेतो सिसा ५६१ केजि, फुटेको रातो हरियो ३६३ केजि, फुटेको (मिश्रित) ५ टन, अन्य सग्लो ८८४८ रूस्लन, खुकुरी लगायतका ३२ टन, टायर ५०० केजि, टयुब ५०० केजि । उक्त सामाग्रिको न्युनतम बढाबढ अंक मु.अ.क बाहेक रू १३,५१,३९५। (अक्षरूपी तेह्र लाख एकाउन्न हजार तीन सय पैचानब्बे मात्र) कायम गरिएको छ । यस परिमाणको सामान थपघट हुन सक्नेछ ।

२। ईच्छुक फर्म वा कम्पनीहरूले दरभाउपत्र खरिद वापतको यस कार्यालयको राजश्व शाखाबाट नगद रु. १,०००। (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

३। टेण्डर डकुमेन्ट ७ औं दिनको ४ बजे भित्र खरिद गरि सक्नु पर्नेछ । दरभाउपत्र ८ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ । सोहि दिनको २.०० बजे खोलिने हुदा सो समयमा दरभाउपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४। दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

५। दरभाउपत्रमा दरको अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

६। यस शर्तमा लेखेका विषय हरू यसै बमोजिम र छुट भएका विषयहरू बोलपत्रमा उल्लेखित शर्तहरू, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०८० र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका बिबरणहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

७। दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र दाताले आफुले कबोल अंकको १० प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न. ४१७०१००३०३००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबर १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट “क“ वर्गको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

८। यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरूजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सूचित गरिन्छ ।

९। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्वन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१०। यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत